स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी असार २७ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म “यो मन त मेरो नेपाली हो”को दोस्रो गीत सार्वजनिक गरिएको छ । खैंजडी भजनमा आधारित “हेर लौ नेपाल आमाको” बोलको गीतमा नेपालको इतिहासदेखि वर्तमानसम्मको वर्णनसहित एकता र भाइचाराको भाव छ । गीतमा अनिश अधिकारी गायन, शब्द रचना तथा संगीत रहेको छ ।

**आजको विचार...**



सूचना.... (दुई पेजमा)

भोजराज भट्टराई



आगामी जेठ २ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म “के घर के डेरा : घर नम्बर २”को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट १९ सेकेण्ड लम्बाइको ट्रेलर मर्मस्पर्शी छ । काठमाडौंमा घर हुने र भाडामा बस्नेको संघर्षको कथालाई ट्रेलरमा प्रस्तुत गरिएको छ । पृष्ठभूमिमा सुनिने काव्यिक “न्यारेसन” ट्रेलरको सशक्त पक्ष छ । कसैलाई बैंकको ऋणले थिचेको छ । कसैलाई घर खर्च धान्न हम्मेहम्मे छ ।

❒ वर्ष ३० ❒ अंक २७७ ❒ २०८२ वैशाख २० गते शनिबार 3 May 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### दिल्लीमा घर भत्किँदा चार जनाको मृत्यु

**काठमाडौं, वैशाख १९/**भारतको दिल्ली एनसीआरमा भारी वर्षा र आँधीबेहरीका कारण दिल्लीको नजफगढमा चार जनाको मृत्यु भएको बीबीसीले जनाएको छ । समाचार एजेन्सी पीटीआईका अनुसार भारी वर्षापछि दिल्लीको नजफगढमा घर भत्किँदा तीन बालबालिका र एक महिलाको मृत्यु भएको हो ।

शुक्रबार बिहान वर्षाले दिल्ली विमानस्थललाई पनि असर गरेको छ । पीटीआईका अनुसार आँधीबेहरी र तेज हावाका कारण दिल्ली विमानस्थलमा तीन उडानहरू डाइभर्ट गरिएको छ भने एक सयभन्दा बढी उडानहरू ढिलाइ भएका छन् । एक अधिकारीले पीटीआईलाई बताएअनुसार दिल्ली विमानस्थलमा अवतरण गर्ने दुई उडानहरू जयपुर र एउटा अहमदाबाद डाइभर्ट गरिएको छ । दिल्ली अन्तर्राष्ट्रिय विमानस्थल लिमिटेडले विमानस्थल पूर्ण रूपमा सञ्चालनमा रहेको उल्लेख छ । तर खराब मौसमका कारण केही उडान सञ्चालन प्रभावित भएका छन् ।विमानस्थलले यात्रुहरूलाई आ्नो उडानको बारेमा जानकारी लिन सम्बन्धित एयरलाइन्समा सम्पर्क गर्न अनुरोध गरेको छ ।

# राष्ट्रपतिद्वारा नीति तथा कार्यक्रम प्रस्तुत

## पूर्व अर्थन्त्रीहरु भन्छन् “कार्यक्रम कुनै नयाँ छैन”

**हाम्रा संवाददाता**

**पाल्पा, बैशाख १९/**राष्ट्रपति रामचन्द्र पौडेलले संसदमा सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । संवैधानिक व्यवस्थामा राष्ट्रपतिले सरकारको नीति तथा कार्यक्रम संसद्मा पेस गर्ने व्यवस्थाअनुसार उनले शुक्रबार व्यवस्थापिका संसदबाट नीति तथा कार्यक्रम पेश गरेका हुन् ।

नीति तथा कार्यक्रममा विद्यालय शिक्षा ऐन यही अधिवेशनबाट पारित हुने, विद्युतको अभाव हुन नदिन तथा आयात प्रतिस्थापन गर्न जलाशययुक्त आयोजना कार्यान्वयन, जेनजी पुस्तालाई प्राथमिकता दिएर स्टार्टअप प्रवर्द्धन लगायतका महत्वपूर्ण विषय समेटिएका छन् । त्यस्तै, यो पटकको नीति तथा कार्यक्रममा प्रधानमन्त्री र राष्ट्रपतिका नाममा राखिएका सबै परियोजनाको नाम फेरिएको छ ।

राष्ट्रपति पौडेलले इन्टर्नलाई पनि स्टार्टअपमा संलग्न गर्न कार्य



घण्टामा आधारित ज्याला प्रणालीको लागू गरिने बताएका छन् । उनले श्रम अडिटको माध्यमबाट आधारभूत श्रम मापदण्डको कार्यान्वयन सुनिश्चित गरिने जानकारी गराए । उनले दक्ष जनशक्ति पलायन रोक्न विगतमा भई गरेका र हाल रोकिएका श्रम प्रोत्साहनको अभ्यासलाई निरन्तरता दिइने घोषणा गरे । नीति तथा कार्यक्रम सार्वजनिक गर्दै पौडेलले देशभित्रै उद्यमशीलता विकास गरी युवा रोजगारी सिर्जना गरिने बताउँदै आगामी दशकलाई आन्तरिक रोजगारी दशकको रूपमा मनाइने घोषणा गरे । उनले भने, “श्रम गर्ने संस्कृतिको विकास गर्दै श्रमलाई सम्मान गर्ने परिपाटी बसालिनेछ । इन्टर्नलाई पनि स्टार्टअपमा संलग्न गर्न कार्य घण्टामा आधारित ज्याला प्रणालीको लागू गरिनेछ । योगदानमा आधारित सामाजिक सुरक्षालाई अनिवार्य गरिनेछ । श्रम अडिटको माध्यमबाट आधारभुत श्रम मापदण्डको कार्यान्वयन सुनिश्चित गरिनेछ । दक्ष जनशक्ति पलायन रोक्न विगतमा भई गरेका र हाल रोकिएका श्रम प्रोत्साहनको अभ्यासलाई निरन्तरता दिइनेछ ।

-बाँकी अन्तिम पेजमा

# बजेटका लागि सुझाव संकलन गर्दै लुम्बिनी प्रदेश सरकार




**बुटवल, वैशाख १९/**लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि नीति, कार्यक्रम र बजेट तर्जुमा गर्न प्रतिनिधि दलहरूबाट सुझाव संकलन गर्न थालेको छ । प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख तथा जिम्मेवार नेतासँग प्रदेश सरकारले देउखुरीमा सुझाव संकलन थालेको हो ।

बैंठकमा मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशको यथार्थ चित्रण गर्ने, व्यावहारिक र कार्यान्वयनमुखी नीति ल्याउने सरकारको योजना प्रस्तुत गरे । उनले सबैको अपनत्व हुने गरी नीति तथा कार्यक्रम तयार पारिने भएकाले सुझाव संकलन कार्य अगाडि बढाइएको बताए । मुख्यमन्त्री आचार्यले क्षेत्र विकास कार्यक्रममा देखिएको अन्योल समाधान गर्न मापदण्ड तयार पारिने र बजेट कहाँ केन्द्रित गर्ने भन्ने विषयमा निर्देशिका ल्याइने जानकारीसमेत गराए ।

छलफलमा नेपाली कांग्रेस संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले प्रदेशको आर्थिक सबलीकरणलाई प्राथमिकतामा राख्दै संविधानको साझा अधिकारलाई कार्यान्वयनमा लैजान सरकारसँग सहकार्यको प्रतिबद्धता व्यक्त गरे । नेकपा एमालेका उपनेता भोजप्रसाद श्रेष्ठले बहुवर्षीय योजना छानोट गर्दा प्रदेशसभा सदस्यहरूसँग राय लिनुपर्ने बताए ।

# आज विश्व प्रेस स्वतन्त्रता दिवस मनाइँदै

**पाल्पा, वैशाख १९/**नेपालसहित विश्वभर आज विश्व प्रेस स्वतन्त्रता दिवस मनाइँदै छ । प्रेस स्वतन्त्रताको संरक्षण र संवर्द्धनमा जोड दिँदै नेपालका पत्रकारहरूले यो दिवस मनाउँदैछन् । सन् १९९३ को संयुक्त राष्ट्रसैको साधारण सभाले अनुमोदन गरेपछि यो दिन संसारभरि प्रेस स्वतन्त्रता दिवस मनाउन थालिएको हो ।

हरेक वर्षको मे ३ तारिखमा विश्वभरि सञ्चारका माध्यमहरूको स्वतन्त्रताका मुद्दा, मापदण्ड र महत्वको विषयमा पैरवी अनि बहस गरिँदै समाचार सङ्कलनका क्रममा जोखिममा परेका र ज्यान गुमाएका पत्रकारहरूको योगदानको सम्झना र सम्मान गर्दै मनाइन्छ । संयुक्त राष्ट्र सैंघ युनेस्कोको आह्वानमा यो दिवस मनाइने क्रमको सुरुआत भएको हो । प्रेस स्वतन्त्रता सञ्चारमाध्यमको मात्र मुद्दा नभई समग्र समाज र लोकतान्त्रिक प्रणालीको अभिन्न विषय भएको बताउँदै पत्रकारहरूले यसको संरक्षणका लागि नीतिगत, कानुनी र संरचनागत सुदृढीकरणको माग पनि गरेका छन् । आज संसारभर प्रेस स्वतन्त्रताको




महत्वबारे चर्चा गरिँदै छ । वरिष्ठ पत्रकार, पत्रकारिताका प्राध्यापक र स्वतन्त्रताका पक्षपातीको सहभागितामा तयार पारिएको ‘बहुलवादी र स्वतन्त्र प्रेसका लागि विन्डहक घोषणापत्र’ मा प्रेस तथा अभिव्यक्ति स्वन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो भने स्वतन्त्र र बहुलवादी प्रेसका पक्षमा सो सम्मेलनले आफूलाई प्रस्ट रूपमा उभ्याएको थियो । अभिव्यक्ति स्वतन्त्रतालाई बढीभन्दा बढी प्रचलनमा ल्याउन र नागरिकलाई अभिव्यक्त गर्न प्रोत्साहित गर्न सञ्चार क्षेत्रले नै भूमिका निर्वाह गर्नसक्छ ।

नेपालमा लोकतन्त्र स्थापनाका लागि प्रेसले निर्वाह गरेको भूमिका उच्च छ । असहज अवस्थामा प्रेसले उच्च भूमिका निर्वाह गरे पनि सहज अवस्थामा सरकारहरूले प्रेसलाई आफ्नो प्रसार यन्त्रका रूपमा लिने गरेको पाइन्छ । स्वतन्त्रतालाई सीमाङ्कन गर्ने प्रयास भइरहेको हुन्छ । स्वतन्त्र र मर्यादित प्रेसको थप विकासका लागि सरकारले रचनात्मक भूमिका निर्वाह गर्नु उपयुक्त हुन्छ ।

साथै प्रेस जगतले पनि कलिलो लोकतन्त्रलाई फक्रने वातावरण निर्माण महत्वपूर्ण योगदानको सिलसिलालाई निरन्तरता दिइराख्नुपर्छ । यस अर्थमा सरकार तथा प्रेस दुवैको हातेमालोबाट प्रेस स्वतन्त्रताका क्षेत्रमा रचनात्मक कार्य अगाडि बढाउन सकिने अवस्था देखिन्छ । राज्यको चौथो अङ्ग प्रभावकारी हुँदा नै लोकतन्त्र बलियो हुन्छ भन्ने कुरामा कसैको विमति हुँदैन । मुलुकमा सकारात्मक प्रभाव पार्ने हरेक क्षेत्रको उत्थानका लागि अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने राज्यले स्वतन्त्र प्रेसका लागि उपयुक्त वातावरण सिर्जना गरिदिनुपर्ने दायित्वलाई गहन रूपमा लिनु आवश्यक छ । सरकारले कानुन बनाएर प्रेसलाई नियन्त्रणमा राख्नुको बदला बढी जिम्मेवार बन्ने वातावरण निर्माण गरेर स्वनियमनतर्फ प्रोत्साहित गर्नुपर्दछ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## प्रेस स्वतन्त्रता दिवसको सान्दर्भिकता

प्रत्येक वर्ष ३ मईलाई अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवसका रूपमा मनाउने गरिएको छ । आज नेपालसहित विश्वभर प्रेस स्वतन्त्रता दिवस मनाईँदै छ । 'स्वतन्त्र एवं बहुलवादी प्रेसका लागि विण्डहक घोषणापत्र' जारी गरेको दिनको सम्झनामा मे ३ तारिखलाई प्रेस स्वतन्त्रता दिवसको रुपमा मनाइन्छ । युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विण्डहक शहरमा भएको पत्रकारहरुको सम्मेलनले 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र' जारी गरेको थियो । त्यसैको सम्झनामा सन् १९९३ देखि संयुक्त राष्ट्रसंघले यो दिवस मनाउने निर्णय गरेको थियो । नेपालमा पनि प्रेस स्वतन्त्रताका क्षेत्रमा रहेका समस्या र चुनौतीका विषयमा छलफल र समीक्षा गर्दै यो दिवस मनाईँदै छ । हरेक वर्ष यो दिवस माउने गरिए पनि नेपालको प्रेस स्वतन्त्रताको अवस्था भने खस्कँदै गएको छ । यो अत्यन्त दुखद् हो । विगतको तुलनामा पत्रकार तथा सञ्चारगृह माथि हुने हिंसाका घटना बराबरी भए पनि कानुनी रूपमा प्रेसमाथि नियन्त्रण गर्ने सरकारको आकांक्षा बढ्दो छ ।

प्रेसले स्वतन्त्र रूपमा काम गर्न नपाएको अवस्थामा समग्र राजनीतिक प्रक्रिया कमजोर बन्न पुग्छ । अहिले प्रेसलाई निरुत्साहित गर्दा राजनीतिक क्षेत्रले आफू सफल भएको महसुस गरिरहेको छ । विशेष गरी पछिल्लो समयमा राजनीतिक नेतृत्व प्रेसविरुद्ध खनिने गरेको छ । आफूले मुलुकको परिवर्तनका निम्ति योगदान गरेको तर प्रेसले त्यो नबुझेको झैं गरी धारणा व्यक्त गरिरहँदा कालान्तरमा त्यसले आम जनमानसमै अविश्वासको अवस्था आउन सक्छ । प्रेसलाई होच्याउने राजनीतिक नेताहरूको पछिल्लो प्रवृत्ति संक्रामक रूपमा फैलिएको छ ।

नेपालमा प्रेस स्वतन्त्रताको अवस्था एक अर्थमा चुनौतीपूर्ण बन्दै गएको छ । सार्वजनिक सरोकारका विषयमा प्रश्न उठ्दा सञ्चार–माध्यमप्रति सरकारको सहनशीलता घट्दै गएको छ । मुलुक सवल हुनलाई स्वतन्त्र प्रेस अपरिहार्य हुन्छ । तर सरकारबाटै प्रेस स्वतन्त्रतालाई कुण्ठीत हुने गरी अंकुस लगाइनु गलत हो । मानव अधिकारको स्रोत मानिएको प्रेस स्वतन्त्रता बिना देश प्रजातान्त्रिक हुन सक्दैन । नागरिक सुसूचित हुने अधिकार नै प्रेस स्वतन्त्रता हो । प्रेसले स्वतन्त्रपूर्वक निर्वाह गर्ने आफ्नो भूमिका नै प्रेस स्वतन्त्रता हो । नेपालमा संविधानमै प्रेस स्वतन्त्रताका पदावलीहरु लिपिबद्ध भए पनि पत्रकारहरुले भने त्यसको पूर्ण अनुभूति गर्न सकेका छैनन् । समाचार लेखेकै कारण पत्रकारहरुको हत्या, धम्की, आक्रमण तथा अपहरणको शिकार भएका छन् । यसले प्रेस स्वतन्त्रता माथि प्रश्न चिन्ह खडा गरेको छ । प्रेस सरकारका खराब प्रवृत्तिलाई सच्याउने तथा समाजका सकारात्मक–नकारात्मक गतिविधिलाई उजागर गर्ने सशक्त माध्यम हो । यही आलोचनाबाट जवाफदेहिताको त्यो ढोका खोलिन्छ । यसर्थ प्रेस स्वतन्त्रताको ग्यारेन्टी गर्न सके मात्र प्रेस स्वतन्त्रता दिवसको सान्दर्भिकता रहन्छ ।

### Opinion @ Social Network

हेर्दा साह्रै रहर लाग्दो हुन्छ अर्काको जिन्दगी पनि
के थाहा कसको मनमा के बितिराको छ भनेर ।
*(अनिल भट्टराईकोफेसबुक स्टाटसबाट www.facebook.com//Anil.Bhatrai)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सूचना प्रविधि : प्रयोग, समस्या र प्रभाव



**भोजराज भट्टराई**

वैशाख १९ अर्थात् (मे २) राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस (National ICT Day-2025) देशभर विभिन्न कार्यक्रम गरी मनाइएको छ । विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि मे २ लाई राष्ट्रिय सूचना तथा सञ्चार प्रविधिको रूपमा मनाउन कम्प्युटर एशोसिएसन अफ नेपाल महासंघ (क्यान महासंघ)ले देशभरका शाखामा सिर्जनशिल कार्यक्रम गऱ्यो । दिवसको अवसरमा क्यान महासंघले शुक्रबार देशभरका सबै शाखाबाट अन्तर्क्रियात्मक कार्यक्रम, प्रभात फेरी, रक्तदान, सूचना प्रविधिसम्बन्धी हाजिरीजवाफ, साइबर अपराधसम्बन्धी सचेतनामूलक कार्यक्रमको आयोजना गरि मनाएको छ । यस वर्ष बैशाख १८ गते परेको राष्ट्रिय सूचना तथा तथा सञ्चार प्रविधि दिवस-२०८२ सन्दर्भमा पारी यहाँ लेख प्रस्तुत गरिएको छ ।

**विषयप्रवेश :**

सूचना प्रविधि कम्प्युटर विज्ञानको एक शाखाहो, जसलाई प्रक्रिया, संरचना र विभिन्न प्रकारका डेटाको प्रशोधनको समग्र अध्ययनको रूपमा परिभाषित गर्न सकिन्छ । यसले मानिसको जीवनमा ठूलो भूमिका निर्वाह गरेको हुन्छ । जस्तो कि प्राय: मानिसको हातमा आज मोवाइल छ । बढ्दो मोवाइल प्रयोगले सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई आफ्ना दैनिकी सहज भएको छ । स्मार्टफोन अनि त्यसमा प्रयोग हुने उपयोगी एपहरूले हाम्रो जीवनशैली सहज बनाएका छन् । अनलाइन पेमेन्ट, अनलाइन आवेदन फर्म, अनलाइन रिजल्ट, अनलाइन जव, अनलाइन रिजर्भ, अनलाइन सपिङ्ग, अनलाइन मिटिङ/कन्फेर्न्स, अनलाइन कोर्स स्टडी लगायतका विभिन्न अनलाइन सिस्टमका विजनेसहरू दिनप्रतिदिन बढिरहेका छन् ।

नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार करिब ७४ लाख नेपालीहरूले मोवाइल बैंकिङ्ग सेवा र साढे १२ लाखले इन्टरनेट बैंकिङ्ग सेवा प्रयोग गर्दछन् । तथापि विश्व बैंकले सन् २०२५ मा प्रकाशित गरेको तथ्याङ्क अनुसार ६५ प्रतिशत नेपालीहरूको मात्रै बैंकमा खाता छ । इन्टरनेट, कम्प्युटर र मोवाइलको प्रयोग पछिल्लो समयमा जति हामी अति आवश्यक ठानिरहेका छौं त्यतिकै गतिमा सूचना प्रविधिका नयाँ-नयाँ कार्यक्रम र सफ्टवेयर विकास भइरहेका छन् । यस्तो अवस्थामा इ-सेवा, खल्ती, स्पारो एसएमएस, डिजिटल वालेटजस्ता डिजिटल भुक्तानी प्रणालीले बैंकिङ्ग पहुँच बाहिर रहेको जनसंख्यालाई डिजिटल प्लाटफर्ममा ल्याउन र वित्तिय सेवा प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । डिजिटल रूपमा पात्रो हेर्ने, समाचार सुन्ने/पढ्ने, बजारदेखि सरसमान खरिद गर्ने, विदेशबाट पैसा पठाउने-पाउनेदेखि आफन्तहरूसँग भलाकुसारी गर्न सामाजिक सञ्जालले सहयोग पुऱ्याएको पाइन्छ । यी सबै कुराको श्रेय मोवाइल र इन्टरनेटको विकसित प्रविधिलाई जान्छ । स्मार्ट मोवाइलको व्यापक प्रयोगसँगै सामाजिक सञ्जाल प्रयोगकर्ताहरू दैनिकजसो बढिरहेका छन् । अचेल हामीलाई अत्याधिक इन्टरनेट, मोबाइल, ह्वाट्स एप, टिकटक, फेसबुक बिनाको जीवनशैली अपुरो, अधुरो र असभ्य लाग्न थालिसकेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले हालै सञ्चारमाध्यमबाट सार्वजनिक गरेको नयाँ तथ्याङ्क अनुसार नेपालमा मोवाइल सेवाको पहुँच १३२ प्रतिशत भन्दा ज्यादा छ र ७१ प्रतिशत जनसंख्याले तीब्र गतिको ब्रोडव्याण्ड इन्टरनेट सेवा प्रयोग गर्दछन् । मोवाइलको प्रयोगबाट सामाजिक सञ्जाल सञ्चालन गरी सरकारी र गैर सरकारी क्षेत्रमा सूचना प्रविधिको व्यापीकरण गर्दै सेवाग्राहीलाई लाभ दिन प्रभावकारी हुने भए पनि पछिल्लो समय सामाजिक सञ्जाल अव्यवस्थित बन्दै गएको छ । विश्वव्यापी रूपमा सूचना प्रविधि संसारका धेरै देशहरूको आर्थिक विकासको प्रमुख तत्व मानिन्छ ।

**बढ्दै सामाजिक सञ्जालको प्रयोग**

सामाजिक सञ्जालको शक्ति वर्तमान समयमा फराकिलो हुँदै गइरहेको छ । अहिले प्रयोगमा आइरहेका सोसल मिडियामा फेसबुक, युटयुब, इन्ट्राग्राम, एक्स, ह्वाट्सअप, आदि प्रमुख हुन । यी सामाजिक सञ्जालको विश्वसनियता र लोकप्रियता बढ्दै गइरहेको छ । व्यक्ति र राज्यलाई आदेश, उपदेश, सकरात्मक र नकरात्मक पक्षमा पनि सामाजिक सञ्जालले दिशानिर्देश गरिरहेको पाइन्छ ।

घरजम बसाल्नेदेखि सम्बन्धविच्छेद, जन्मदेखि मृत्यु संस्कारसम्मका कायमहरूको अभिलेखका काम पनि सामाजिक सञ्जालको सहयोबाट भएको पाइन्छ । सामाजिक सञ्जालको प्रयोग फेक आइडी खोल्न, गालीगलौज गर्न, अश्लील शब्द प्रयोग गर्न, चरित्र हत्या गर्नको लागि सञ्चालनमा ल्याइएको होइन तर त्यही नहुनुपर्ने भइरहेको छ । यद्यपि फेसबुक, ट्वीटर, ब्लग, अनलाइन पोर्टको दुरुपयोग अचेल बढी छ । फेसबुक (मेटा)को तथ्याङ्क अनुसार अहिले नेपालमा लगभग १ करोड ५० लाख फेसबुक प्रयोगकर्ता छन् । जानकारी सेयरिङका लागि फेसबुक प्रभावकारी माध्यम भएको छ । यस्तैगरी आ.व. २०८०/०८१ को मंसिरमा दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको तथ्याङ्क अनुसार नेपालमा कूल जनसंख्याको ७४. प्रतिशत इन्टरनेट चलाउन्छन् । यो प्रतिशत हालको अवस्थासम्म आइपुग्दा बढ्दो क्रममा छ ।

**सूचना प्रविधि : प्रभाव र समस्या**

पछिल्लो एक दशकमा सूचना प्रविधिको क्षेत्रमा नेपाली समाज धेरै हदसम्म सु-सूचित र जानकार भइसकेको छ । सञ्चार क्षेत्रमा आमजनताको पहुँच जबर्जस्त स्थापित हुन पुग्नु पनि यसको सकरात्मक पक्ष नै हो । आधुनिक युगमा सञ्चार समाजको महत्वपूर्ण स्तभ बन्दै गएको छ । सूचना प्रविधिका अन्य क्षेत्रमा सदुपयोग र प्रभावकारिता बलियो रहे पनि सामाजिक सञ्जालले निम्त्याएका विसंगतिलाई रोक्न जरुरी छ भन्ने ठानेर २०८१ सूचना प्रविधि सम्बन्धी विधेयक आएको छ । हालको सरकारको यो विधेयकले सूचना प्रविधि विधेयक-२०७५ लाई विद्युतीय कारोबार ऐन २०६३ लाई विस्थापित गर्नेछ । हाल सरकारले पारित गरेको सूचना प्रविधि विद्युतिय सूचनाको स्वरूपमा रहेका वैयक्तिक सूचनाको गोपनियता भङ्ग गर्न नहुने, सूचना सुरक्षाको प्रत्याभूति गर्नुपर्ने, डाटा केन्द्र तथा क्लाइड सेवा सञ्चालन गर्न इजाजत लिनुपर्ने व्यवस्था गरिएको छ । नेपालमा लोकप्रिय फेसबुक, ट्वीटर, युट्युव, भाइबर, स्काइपजस्ता सामाजिक सञ्जाल दर्ता भएर मात्रै सञ्चालन हुनुपर्ने नियम बनाइएको छ । सरकारले नेपाललाई सूचना प्रविधिको उपयोगको थलो मात्र नबनाई आम्दानीको श्रोत बढाउने अवसरका रूपमा लिन यस्तो कदम अगाडि सारेको बेला-बेलामा विभिन्न माध्यमबाट सञ्चारमाध्यमलाई जानकारी दिदै आएको छ । सामाजिक सञ्जाल नेपालमा दर्ता गरी चल्नुपर्ने कानुनी प्रावधान हुँदै गर्दा पनि त्यसको कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको छैन । सरकारले भनेजस्तो फेसबुक, ठ्वीटरजस्ता कम्पनीलाई नेपालमा दर्ता प्रक्रियामा सामेल गराउन भने त्यति सजिलो छैन ।

बहुप्रतिष्ठित सामाजिक सञ्जाल फेसबुक, ट्वीटर, युट्युव लगायतको कम्पनीका लागि नेपाल निकै सानो बजार हो । ती कम्पनीले अहिले नेपालमा विना कानूनी प्रक्रियाबाट अर्वौ रुपैंया नेपालबाट लगिरहेका छन् । सजिलो गरी बिना कानुनी प्रक्रिया नाफा लिने लत परिसकेका त्यस्ता कम्पनीले नेपालमा यति छिट्टै कार्यालय खोल्न र नेपाल सरकारले भने जस्तो गरी दर्ता प्रक्रियामा सामेल हुन चाहँदैनन् । यदि सामेल भइहाले या कार्यालय खोले भने राज्यका लागि राजश्व संकलनका लागि राम्रो माध्मम बन्ने थियो र सरकाले अगाडि सारेको समृद्धिको नारा पूरा गर्ने राम्रो अवसर हुने थियो । यसबाट एकार्फ सूचना प्रविधि क्षेत्रमा हुने कारोबार व्यवस्थित हुने थियो भने अर्कोतर्फ सूचना प्रविधिको दुरुपयोग गर्नेहरू र त्यस्ता प्रक्रियाबाट हुने साइबर अपराध न्यूनीकरणका लागि कारवाही प्रक्रिया छिटो हुने थियो । विभिन्न राष्ट्रमा उपयुक्त कानुनी उपायद्वारा यस्ता खाले झूठा प्रचार, गलत विज्ञापन र सूचना प्रवाहलाई उचित ढङ्गको नियन्त्रण र सही सूचना प्रणालीलाई नियमन गरेको देखिए पनि नेपालमा यसको कडाइका साथ कार्यान्वयन हुन सकेको छैन ।

**निष्कर्ष :**

विगतको समयलाई नियाल्दा वर्तमान समयमा अनलाइन सञ्चारको प्रभाव बढी छ । यसको प्रयोगबाट सामाजिक, सांस्कृतिक, आर्थिक परिवर्तनमा धेरै काम भएका छन् । अर्कोतर्फ यसमा भइरहेका विकाससँगै सूचनाको विश्वसनियता र तटस्थामानि पनि उत्तिकै प्रश्नहरू उठिनै रहेका छन् । यसर्थ नेपाली राष्ट्रियतासँग जोडिएका विषयमा उजुरी गर्ने स्थानका लागि पनि सामाजिक सञ्जाल तथा युट्युव च्यानल सञ्चालनको कार्यालय नेपालमा हुनु आवश्यक छ । यसका लागि सरकारले साँच्चिकै सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने र त्यस्ता कम्पनीलाई नेपालमा ल्याउनको लागि उनीहरूलाई सहज वातावरण बनाउन जरुरी छ । यदि उनीहरू दर्ता हुन आए भने सामाजिक सञ्जालाई अभिलेखिकरण र व्यवस्थित गर्नुपर्नेमा सरकार स्पष्ट हुनैपर्दछ ।

सूचनाको हकको कुरा संविधानको धारा २७ मा व्यवस्था भएपनि अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा त्यहाँ केही त्रुटी देखिएका छन् । देश संघ, प्रदेश, स्थानीय संरचनामा गइसकेकको अवस्थामा प्रादेशिक, स्थानीय सूचना आयोग संविधानमा उल्लेख नगरिनु, संविधानमा सूचना हकका सन्दर्भमा नेपाली नागरिकलाई मात्र उल्लेख गरिनु ती त्रुटी मध्येका केही प्रतिनिधि उदाहरण हुन् । सामाजिक सञ्जाललाई मर्यादित बनाउन सूचना प्रविधि व्यवसाय, साइबर सुरक्षा, मोवाइल बैंकिङ, डाटा सुरक्षा, साइबर हमला, साइबर अपराध र साइबर आतंकलाई नियन्त्रण र नियमन गर्ने प्रावधानहरू संविधानमा संशोधन गरी राखिनु आवश्यक देखिन्छ । विकसित देशहरूको सफलताको प्रभावकारी आधार भनेको सूचना प्रविधिको अधिकतम र व्यवस्थित प्रयोग हो । हामी कहाँ प्रविधिको पहुँच पुगेको भए पनि यसको उपयोगीताबारे पर्याप्त प्रशिक्षण पुगेको छैन । प्रयोगकर्ताहरूलाई यसबाट के कस्तो लाभ लिन सकिन्छ भन्ने विषयमा प्रसस्त जानकारी पुग्न सकेको छैन । त्यसैले संघ, प्रदेश हुँदै स्थानीय सरकारले प्रविधिको अधिकतम र व्यवस्थित प्रयोगका लागि विज्ञहरूको राय अनुसार दीर्घकालिन गुरूयोजना बनाएर अगाडि बढ्न सकेको खण्डमा हाम्रो दैनिक अझ प्रविधिमय र स्मार्ट बनाउन सकिनेछ । अस्तु ।।

**सन्दर्भ स्रोत :**


- सञ्चार तथा सूचना सूचना प्रविधिको मन्त्रालयको वेवसाइट ।
- केसी रामचन्द्र, २०८१ सामाजिक सञ्जालको प्रयोग र प्रभाव, काठमाडौं ।
- क्यान महासंघ, नेपालका वार्षिक बुलेटिनहरू र प्रकाशित सन्दर्भ लेखहरू ।
- लिभिङ विथ आइसिटी २०७५ मा प्रकाशित विभिन्न अंकहरू ।
- कान्तिपुर, गोरखापत्र र समाचारपत्र दैनिकका २०८१ मा प्रकाशित विभिन्न अंकहरू ।
- सञ्चारसम्बद्ध विभिन्न वेव साइट


*(लेखक क्यान महासंघ लुम्बिनी प्रदेश, नेपालका पूर्व सह-सचिव समेत हुन् ।)*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


### दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : आध्यात्मिक चिन्तनमा समय बित्नेछ। सामाजिक काममा चासो लिन सकिनेछ। | **तुला** : कार्य सम्पादनमा सहजता मिल्नेछ। वैदेशिक कमहरू आगाडि बढ्नेछ । |
| **वृष** : व्यापारबाट लाभ मिल्नेछ।चलचित्र र कलाको क्षेत्रमा प्रतिष्ठा बढ्नेछ। | **वृश्चिक** : सहयोगी र नातागोताको साथ मिल्नेछ । वैदेशिक काम पनि बन्न सक्छ। |
| **मिथुन** : धन प्राप्तिका नयाँ मार्ग प्रशस्त हुनेछन्। ऋणको लेनदेनदेखि बच्नुहोस्। | **धनु** : सामाजिक कार्यमा सफलता मिल्नेछ। सहयोगीहरूको राम्रो साथ पनि मिल्नेछ। |
| **कर्कट** : मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ। | **मकर** : मान सम्मान पाइनेछ । दाम्पत्य जीवनमा मधुरता छाउनेछ । |
| **सिंह** : बोलीको प्रभाव बढ्नेछ । नयाँ कामको थालनी पनि हुनेछ । | **कुम्भ** : समयमा सही निर्णय लिन सकिनेछ । अध्ययनमा सफलता मिल्नेछ। |
| **कन्या** : धार्मिक कार्य सफल हनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । | **मीन** : कारोबारमा भाग्यले साथ दिनेछ। योजना पूरा गर्नमा केही समय लाग्नेछ। |

# साहित्य दर्पण

समीक्षा — पुष्कर अथक रेग्मी

## शीत कल्प कृति 'प्रकृति'




नेपाली वाङ्मयमा सर्वाधिक लोकप्रिय कविता काव्य विधामा समकालीन सर्जकहरूले विभिन्न उपविधाहरूको परिकल्पना र प्रयोग गर्दै आइरहेका छन् । यसै परिप्रेक्ष्यमा लघुतम् काव्यको क्षेत्रमा नवीनतम् योगदान पुऱ्याउने उद्देश्यका साथ काव्य उपविधाको रुपमा 'शीत' को परिकल्पना प्रस्तावना गरिएको हो । शीत २ अक्षर ४ पंक्ति जम्मा ८ अक्षरको संरचनाभित्र बाँधिएर लेखिन्छ । शीत, शीतद्वय, शीतत्रय, शीतपत्र, शीतपुष्प, शीतकुञ्ज, शीतद्वीप, शीतब्रह्मण्ड हुँदै शीतकल्प सम्म शीतको संरचना रहेको छ । शीतकल्प (१००८ भन्दा बढी शीत) प्रकाशित गर्ने शीत यात्रीलाई 'शीत ईश्वर' को पदवीद्वारा विभूषित गरिन्छ । शीतकल्प कृति 'प्रकृति' प्रकाशन गर्नुहुने कवि के.पि. सत्यनारायण ढकाल नवौं 'शीत ईश्वर' को रुपमा प्रतिष्ठापित हुनु भएको छ ।

"चतुष्पदीय मुक्तकीय प्रभेदभित्रको लघुतम् अष्टाक्षरी काव्य नै शीत हो ।" शीतको परिकल्पना लुम्बिनी प्रदेश पाल्पा तानसेन श्रीनगर क्षेत्रबाट भएको हो । शीत राष्ट्रव्यापि हुँदै अन्तर्राष्ट्रियस्तरसम्म पुगेको छ । शीत परिकल्पना भएसँगै सर्वप्रथम शीतकल्प कृति 'शीतका थोपा' प्रकाशित गरी प्रथम शीत ईश्वरको रूपमा शीत काव्य समाज नेपालका अध्यक्ष कृष्णबहादुर के. सी. सापकोटा अवतरित भएका थिए भने त्यसपछि क्रमश: इन्दिरा ज्ञवाली पौडेल, शारदा ज्ञवाली ढकाल, देशभक्त सिंह कुँवर, देवेन्द्रराज शाक्य, लव जोशी, दामोदर ढकाल 'दीपक' र पुष्कर अथक रेग्मी शीत ईश्वरको रूपमा प्रतिष्ठापित रहेका छन् । दशौं शीत ईश्वर भोजभक्त कँडेल हुन् भने नवौं शीत ईश्वरको रूपमा अवतरित कवि के.पि. सत्यनारायण ढकाल साहित्यको क्षेत्रमा 'शुभ श्री उपमन्यु' को नामले चीरपरिचित रहेका छन् । उनी समावि युनिभर्षका संस्थापक अध्यक्ष, आधुनिक कला साहित्य संस्कृति फाउन्डेसनका सचिव, नेपाल ढकाल समाज प्रतिष्ठानका केन्द्रीय सदस्य र सुख शान्ति मिडियाका संगीत संयोजक समेत हुन् । बाग्मती प्रदेश धादिङ जिल्ला गंगाजमुना गाउँपालिका निवासी के.पि. सत्यनारायण ढकालका 'जुनले पोलिएका दागहरू', 'उपमन्यु गितोपदेश', 'कुल प्रतिभा' लगायतका कृतिहरू प्रकाशित भइसकेका छन् भने चौथो प्रकाशित कृतिको रूपमा शीत काव्य संग्रह 'प्रक्ति' सार्वजनिकरण भएको छ । 'प्रकृति' भित्र देशकाल परिस्थिति अनुकूल मौलिक, गायन तथा वाचनका लागि सरल र सहज सूत्र, अर्थ र मन्त्रपूर्ण शीतहरू संग्रहित रहेका छन् । अनुप्रास मिलेका र नमिलेका दुवै संरचनामा सिर्जित शीतहरूले साहित्यको क्षेत्रमा पृथक प्रभाव पारेको छ । काव्यकारज्यूले चातुर्यतापूर्वक शब्दहरूको चयन गरी सघन शीतहरू पस्किएकाले पनि संग्रह काव्य पारखीहरूका लागि नवीनतम र लोकप्रिय हुन जानेछ । एकाक्षरी संरचनाबाट कविताहरू सिर्जना गर्न सकिदैन तर दुई अक्षरी संरचनाबाट प्रर्याप्त मात्रामा कविता सिर्जना गर्न सकिन्छ । यसर्थ अक्षरहरूको सबैभन्दा सानो संरचना दुई अक्षर नै हो । कविता काव्य लेखनको शुभारम्भ 'शीत' बाटै हुन्छ । 'प्रकृति' भित्र रहेका शीतहरू मंगलाचरणबाट सुरु भएका छन् । दाजुभाइ, साथी, बाबा, मित्र, नाता लगायतका शीर्षकका शीतले सामाजिक सदभाव, पानी, माटो, फूल, घर, उपदेश, संस्कार आदिले जननी जन्मभूमिश्च स्वर्गादपी गरियसीलाई आत्मसात गरेको छ । महाल, गोठालो, नेता, पूजापाठ, मन, समान विचार, ईश्वरको बास लगायतका शीतहरूले सशक्त समसामयिक सन्देश दिएका छन् । 'ॐ नमोनारायणाय' यो अष्टाक्षरी मन्त्र हो । अष्टाक्षरी मन्त्रभित्र आठ अक्षर रहेझै शीतमा पनि अष्टाक्षरयुक्त काव्यलाई एक पूर्ण शीत मानिएको छ । एक पूर्ण शीत बिम्बक प्रतिक अलङ्कार र रसमयी भई शब्द मन्त्र र अर्थपूर्ण सूत्रात्मक रुपमा रहेका हुन्छन् । संग्रहभित्र यस्ता थुप्रै शीतहरू छन् । जुन शीतहरू शीत रचना विधानभित्र संरचित भएर रहेका छन् जसले गर्दा 'शीत' मा सशक्त काव्य सिर्जना गर्न सकिन्छ भन्ने सन्देश 'प्रकृति' ले दिएको छ । नेपाली लघुकाव्यको श्रीवृद्धिको लागि नवीनतम योगदान पुऱ्याउने शीतको लक्ष्यलाई आत्मसात गर्दै लेखिएका शीतहरू प्रकृतिभित्र रहेका छन् । कृतिभित्र स्रोत, अन्तर्वस्तु, लय संरचना र उक्ति ढाँचामा आधारित शीतहरू रहेका छन् । अभिधा, लक्षणा र व्यञ्जनामूलक तिनै किसिमका शीतहरू सूत्र अर्थ र मन्त्रपूर्ण रहेका छन् । सुख शान्ति मिडियाको शीत सन्ध्या कार्यक्रममा सहभागी भएपछि शीत लेख्न सजिलो मानी लेख्दै जाँदा शीत कल्प कृति 'प्रकृति ' नै तयार भएको भनि ढकाल बताउन्छन् । आफै स्वयं संगीतकार समेत रहेकाले सबै शीतहरू गेयात्मक छन् । मंगलाचरणबाट शुरू गरिएका शीत माया प्रितिमा गएर टुंगिएको छ । संग्रह बालकदेखि जेष्ठ सबैका लागि उपयोगी रहेको छ । विद्यार्थी र सिकारुका लागि सहयोगी रहनुका साथै लघुकाव्य उपविधा सँग सरोकार राख्नेहरूका लागि शोधनीय र उदाहरणीय रहेको छ । काव्य स्रष्टाहरूका लागि मननीय र द्रष्टाहरूका लागि महनीय कृतिको रुपमा प्रकाशित शीत काव्य संग्रह 'प्रकृति' नेपाली लघुतम कविता साहित्यको भण्डारणमा संग्रहणीय रुपमा रहनेछ । अन्य शीत कृति जस्तै यो कृति पनि अनुसन्धाननीय साहित्यको रुपमा रहेको छ । काव्यकारलाई वैयक्तिक एवं कृतिगत सफलताको शुभकामना ! 'शुभश्री उपमन्यु' को बाँकी जीवन अरू लघुकाव्यमय बनिरहोस् । शुभयात्रा !

*(रेग्मी शीत काव्यका परिकल्पनाकार र स्रष्टा/समीक्षक समेत हुन् )*


## तानसेन नगरपालिकाको अनुरोध

-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- बन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित बस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

| पिताम्बर पाण्डे | प्रतिक्षा सिंजाली | सन्तोष लाल श्रेष्ठ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल


निबन्ध — सुशील लामा

## स्पष्टीकरण !

***म जन्मेको मलाई थाहा छैन । मलाई जन्माएर हुर्काउनेहरू कोही साथमा छैनन् । म जन्मन्छु भनेर जन्मेको होइन । जन्माउनेले पनि मलाई नै जन्माउँछु भनेर जन्माएको पक्कै होइन । म किन जन्में थाहा छैन ? मैले जन्मेर के के गर्नुपर्ने हो त्यो पनि थाहा छैन । थाहा नहुँदा नहुँदै जन्मेर यात्रा गर्दागर्दै सरदार नेपालीको आयुसँग तुलना गर्ने हो भने- जिन्दगीको आधा होइन आधाभन्दा बढी जिन्दगी बाँचिसकेको छु ।***

हो, म दोषी हुँ ! आफूले आफैंलाई पटकपटक छल गरेको छु मैले । छल मात्र हैन पटकपटक मारेको पनि छु । मर्न नमान्दा नमान्दै बिचरा रहरका कलीहरूलाई निर्घात कुटपिट गरेर हत्या गरेको छु । त्यसैले म एक प्रकारको हत्यारा हुँ, आफ्नै जिन्दगीको ।

म जन्मेको मलाई थाहा छैन । मलाई जन्माएर हुर्काउनेहरू कोही साथमा छैनन् । म जन्मन्छु भनेर जन्मेको होइन । जन्माउनेले पनि मलाई नै जन्माउँछु भनेर जन्माएको पक्कै होइन । म किन जन्में थाहा छैन ?

मैले जन्मेर के के गर्नुपर्ने हो त्यो पनि थाहा छैन । थाहा नहुँदा नहुँदै जन्मेर यात्रा गर्दागर्दै सरदार नेपालीको आयुसँग तुलना गर्ने हो भने- जिन्दगीको आधा होइन आधाभन्दा बढी जिन्दगी बाँचिसकेको छु । बाँचेको जिन्दगी भन्दा बाँकी जिन्दगी थोरै छ । त्यो पनि हचुवामा बोलेको । कसलाई के थाहा एकै छिन पछि के हुन्छ भनेर । मरी पो हाल्छु कि ! देखेको छु, हिंड्दा हिंड्दै ढलेको जिन्दगी । बोल्दा-बोल्दै कहिल्यै नबोल्ने जिन्दगी । अनुभव बटुलेको छु निक्कै । निक्कै अनुभवहरूले पाकेको छ जिन्दगी । पाइला-पाइलामा बचेर हिंड्दा पनि अनेकन पटक घोचेको छ घातका काँडाहरू । खालि नाङ्गो पाइतालामा । पाइतालाको पीडा मुटुसम्म पुग्छ । दुखाइले खङ्गङ्ग भएको छु । एक पटक होइन पटकपटक । छली समाजमा समस्याको कुम्लो बोकेर थुप्रै उकाली-ओराली गरिसकेको छु । सज्जन बन्न निस्केको थुप्रै बिहान बदमास साँझ बनेर घामसँगै अस्ताउन विवश बनेको छु ।

क्यौं पटक गर्दै नगरेको कर्मको भागिदार बन्नु एक प्रकारको जीवन गुज्रने शैली बनेको छ । अनायास अनावश्यक ठाउँमा नानाथरीको स्पष्टीकरण दिनुपर्छ । त्यस्तो अवस्थामा मुटु,कलेजो निचोरेर खुन आँसु आँखाको बाटो हुँदै खस्छन् । त्यस वेला पुरानो अधरको रुखो छाला निथ्रुक्क भिजिजान्छ । खस्रो छालाले गर्दा आँसु पुस्न रुमालको आवश्यकता परेको छैन भन्दा हुन्छ ।

अचानक अचम्मित हुँदाको अपजस परिएछ जिन्दगीको गाँम-बेंसिमा । नदेखिएको भावनाको विकराल पाखामा मन फुटेर निस्केको ज्वालामुखीले डढेलो लाग्छ । अचम्मैको रित रहेछ जिन्दगीको ।

उनी आइन् एक दिन । गइन् फर्केर अर्को दिन । बिनाकसुर मलाई एक्लो पारेर । खेपिराछु एक्लो पनको अनुभव । सङ्कलन गरेको अनुभवले जिन्दगी बिताउन सहज हुन्छ । तेस्रो दिन दिनु नै नपर्ने अनावश्यक ठाउँमा उनको र मेरो मिलनभन्दा बिछोडले बिछ्याइएको कुरामा निक्कै दरोखरो उत्रेर दिनु पऱ्यो स्पष्टीकरण, फजुल मान्छेहरूलाई । हारेको मैले । जितेको समाजको निम्ति । कति पटक, कति ठाउँमा दिनु पर्ने हो स्पष्टीकरण ?

म जन्मेको कुराको । म हुर्केको कुराको । मेरो पहिलो प्रेमको कुराको । मैले बाँचेको कुराको । स्पष्टीकरण दिंदादिंदै वाक्क लागेको एक साँझ, एउटा गल्लीमा अवस्थित भट्टीमा पसेर दुई-चार खोला छ्याङ खाने धोको बोकेर के पसेको थिएँ । पसलभरी छ्याङको नशामा मनभित्र लुकेको भावहरू पोख्दै गरेका छ्याङ प्रेमीहरूको कुराले मनमा शीतल छाएको अनुभूति सँगाली बेस्सरी पिएँ दुई-चार खोला तीतामीठा छ्याङ । अनि मैले पनि ओकलें मनको कुरा मज्जाले तत्काल बनेको जँड्याहा साथीसँग । मदहोसमा खोलेको मनका कुरा त्यो पनि हो एक प्रकारको स्पष्टीकरण ! विपरीत लिङ्गी प्रेमले विवाह रूप लियो । विवाहले घरजम बस्यो । दुई बाट तीन हुँदै परिवारको सङ्ख्या पाँच हुन पुग्यो । परिवारको जिम्मेवार सम्हाल्न घरदेशबाट सम्भव हुने छाँटकाँट नदेखिए पछि रिकुटे बन्न निस्कियो पराइको भनिने परदेशमा । परदेश जान सजिलो पक्कै थिएन । परदेश जान पैसा लाग्थ्यो । पैसा थिएन घरमा । त्यहीं पैसाको निम्ति गाउँको मुखियासँग घर धितो राखियो । यति मिति सम्ममा साँवा र ब्याज तिर्छु भनेर तमसुकसँगै मौखिक स्पष्टीकरण ओकलेको मुखियाको चरणमा पटकपटक ! खोजेको कुरा पारित भयो । घरमा खुशी छायो । आफ्नै पैसाले आफू बेचेको कुरामा । कहिल्यै नजिकबाट नदेखिएको हवाई जहाज चढेर सपनाहरूको शहरमा ल्यान्ड भयो । त्यहाँ पनि उनको अध्यागमनदेखि ठाउँ-ठाउँमा स्पष्टीकरण दिंदै । पुगियो पुग्नुपर्ने ठाउँमा । शुरू भयो नयाँ ठाउँमा नयाँ काम विराट स्वाभिमान बोकेको नेपाली मनलाई निरीह बनाएर । काममा भेदभाव नगरे पनि उनीहरूको मान्छेले गर्न नचाहेको काम गर्नुपर्छ । काम गर्ने ठाउँमा अलि ढीला भयो स्पष्टीकरण ! लेबर क्याम्पमा फर्कंदा अलि ढिलो भयो क्याम्प बोसलाई स्पष्टीकरण ! घरमा जहानलाई फोन गर्न दुई-चार दिन ढिलो भयो स्पष्टीकरण ! महिना मरेर तलब ढिलो भयो भने घरमा पैसा पठाउन ढिलो हुन्छ त्यसमा पनि फेरि स्पष्टीकरण ! छोरालाई स्पष्टीकरण, छोरीलाई स्पष्टीकरण, बुहारीलाई स्पष्टीकरण ! कति दिनु सबैलाई अर्थ न व्यर्थको स्पष्टीकरण । हो भनेको !

आजभोलि त झ्याउ पो लागेर आउँछ । यो स्पष्टीकरण भन्ने शब्द सुन्दा पनि । अरू त अरू...

आफ्नै मनले आफ्नै मस्तिष्कलाई कति दिनु स्पष्टीकरण । उमेर ढल्किसकेको छ । तर मन ढल्केको छैन । मनलाई फकाउनु पनि दिनु परेको छ स्पष्टीकरण ! समयसँगै उमेर पुगेर जीवन पाक्दैछ । पाकेको जीवनको पाकेको पाचनप्रणालीले खाना पचाउन सकिंदैन, उरुन्ठ्यौले स्वादिलो जिब्रोले स्वाद खोज्दा । थाकेको छु यस्तो नखाऊ उस्तो नखाऊ भनेर जिब्रोलाई स्पष्टीकरण बताउँदा बताउँदा ! अचेल निक्कै थाकेको छु स्पष्टीकरण दिंदा दिंदै । थाकियो भनेर सुख पाइँदैन कहिलेकाहीं त बेमौसममा बेतालको बेमतलबी मानिसलाई पनि स्पष्टीकरण दिनुपर्ने हुँदा मन दुख्छ । दुखेको मनलाई फकाएर पुलपुल्याई पनि दिनु पर्छ फेरि उहीं स्पष्टीकरण ! थाहा छैन,कहालीलाग्दो जिन्दगीको यात्रा कहाँ पुगेर टुङ्गिने हो । टुङ्गो बिनाको अस्थायी अस्थिर जिन्दगीमा खोइ कतिलाई स्थिर भएर दिनुपर्ने हो - स्पष्टीकरण ।

*-साहित्यपोष्ट डटकम*


## कालिगण्डकी कोरिडोर सडक योजना पाल्पाको सार्वजनिक सूचना

यस योजनाको कार्यक्षेत्र भित्र पर्ने विभिन्न स्थानमा सडक सिमा भित्र अनधिकृतरुपमा शाखा सडक खोल्ने, घर टहरा बनाउने, निर्माण सामाग्री राख्ने विज्ञापन, होडिङ्ग बोर्ड, सवारी साधन पार्किङ, टायर हाउस, ग्यारेज, वासिङ सेन्टर, अस्थायी तारवार, पशु-चौपाय छोड्ने, विभिन्न पसल राख्ने, कृषि उपज विस्कुन सुकाउने जस्ता कार्यहरू कानुनत: पूर्णरुपमा निषेधित गरिएको कार्य भएकोले सोकार्य नगर्नु नगराउनु हुन सम्पूर्णमा अनुरोध छ । अन्यथा सार्वजनिक सडक ऐन २०३१ बमोजिम जुनसुकै बेला कारवाहीका प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजना प्रमुख
**कालिगण्डकी कोरिडोर**
**(गैडाकोट-राम्दी-मालढुङ्गा)**
**सडक योजना, पाल्पा**

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा

# बगनासकालीमा भूमि समस्या समाधानका लागि छलफल



**पाल्पा, बैशाख १९**/जिल्लाको बगनासकाली गाउँपालिकामा भूमि समस्या समाधानका विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम भएको छ । भूमि समस्या समाधान आयोग पाल्पाले गाउँपालिकाको कार्यालयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरेको हो ।

कार्यक्रममा आयोगका जिल्ला अध्यक्ष रामबहादुर कार्कीले गाउँपालिकाका बासिन्दाको भूमि समस्या समाधानमा आयोगले काम गर्ने बताए । उनले आयोगले गरेको काममा गाउँपालिका सहित सम्पूर्ण वडातहबाट साथ र सहयोग हुनुपर्ने बताउँदै तयार भएका फाईलहरु समयमानै अनलाईन प्रविष्टि गरेर आवश्यक कामलाई अगाडि बढाउनु हुन आग्रह समेत गरे ।

अध्यक्ष कार्कीले जिल्लामा रहेको भूमि समस्या समाधानका लागि आयोग प्रतिवद्ध भएकार अगाडि बढेको बताए । उनले भने "हामीले सबै स्थानीय तहमा पुगेर त्यहाँको भूमि सम्बन्धी समस्याका बारेमा छलफल र अन्तर्क्रिया गरिरहेका छौं, जहाँ जहाँ भूमि सम्बन्धी समस्या छन्, ति समस्यालाई समाधान गर्ने दिशामा हामी सक्रिय भएर लागेका छौं ।" आयोग पाल्पाका सर्वेक्षक पारस धितालले भूमि सम्बन्धी प्रचलित कानुनी व्यवस्था, स्थानीय तहले गर्नुपर्ने काम र जिल्लामा भूमि समस्या आयोगले गरेका कामका बारेमा जानकारी गराएका थिए ।

छलफलको क्रममा जनप्रतिनिधि, वडा सचिव, विभिन्न शाखाप्रमुख लगायतले उठाएका जिज्ञासका विषयमा अध्यक्ष कार्कीले जवाफ दिएका थिए । कार्यक्रममा गाउँपालिका अध्यक्ष सरस्वती दर्लामी चिदीले गाउँपालिकामा रहेका भूमिसम्बन्धी समस्यालाई प्रक्रियागत हिसावले समयमै सम्पन्न गर्न गाउँपालिका सचेत रहेको बताइन् । बगनासकाली गाउँपालिकामा १०३ वटा भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लगत संकलन भएकोमा सबै विवरण अनलाईन प्रविष्ट भएको गाउँपालिले जनाएको छ । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष हरिप्रसाद पाठक, निमित्त प्रमुख प्रशासकीय अधिकृत यादव न्यौपाने, प्रवक्ता टीकाबहादुर थापा, आयोगका जिल्ला समिति सदस्यहरू, वडा अध्यक्ष, कार्यपालिका सदस्य, गाउँसभा सदस्य, विभिन्न विषयगत शाखाका प्रमुखलगायतको सहभागिता रहेको थियो । गाउँपालिका अध्यक्ष सरस्वती दर्लामी चिदीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन गाउँपालिकाका प्रशासन शाखा प्रमुख सुजन घिमिरेले गरेको गाउँपालिका एम.आई.एस. अपरेटर भोजराज भट्टराईले जानकारी दिए ।

# स्ववियुको भित्तेपात्रो विमोचन




**पाल्पा, बैशाख १९**/स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाले नयाँ वर्षको भित्तेपात्रो विमोचन गरेको छ । स्ववियुले शुक्रबार एक औपचारिक कार्यक्रमकाबिच २०८२ सालको भित्तेपात्रो विमोचन गरेको हो ।

उक्त भित्तेपात्रोको प्रमुख अतिथि तथा क्याम्पस प्रमुख डा.टंक प्रसाद पन्थ, विशिष्ट अतिथि निर्वतमान क्याम्पस प्रमुख टंक भट्टराई, अतिथिहरु विद्यार्थी कल्याण प्रमुख पुष्कर आचार्य, प्राध्यापक संघ इकाई अध्यक्ष खिमबहादुर राना, नेपाल विद्यार्थी संघ क्याम्पस इकाई सभापति पुण्यप्रसाद सुवेदी, अनेरास्ववियु इकाइ अध्यक्ष मनोज सिग्देल, अखिल छैठौंका जिल्ला अध्यक्ष ज्योति दर्लामी, स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्ष मिलन घर्ती मगर, स्वतन्त्र बि.एस.सि समूहका रामु खड्का लगायतले संयुक्त रुपमा विमोचन गरेका हुन् ।

पात्रो विमोचन गर्दै प्रमुख अतिथि क्याम्पस प्रमुख डा.टंक प्रसाद पन्थले स्ववियुले भित्तेपात्रो विमोचन गरेर अनुकरणी काम गरेको बताए । उनले विद्यार्थीहरुको हरेक समस्यामा क्याम्पस प्रशासनसँग सहकार्य गरेर अगाडि बढ्न विद्यार्थीहरुलाई आग्रह समेत गरे । प्रमुख पन्थले आगामी दिनहरुमा पनि थप रचनात्मक कार्यमा लाग्न आग्रह गर्दै आवश्यक सहयोगका लागि क्याम्पस प्रशासन सधैव तयार रहेको समेत उल्लेख गरे ।

स्ववियु अध्यक्ष मिलन घर्ती मगरले स्ववियुका गतिविधीहरु आमविद्यार्थीहरु समक्ष क्यालेण्डरको माध्यमबाट घर-घरमा पुऱ्याउने लक्ष्यका साथ भित्तेपात्रो प्रकाशन गरिएको बताए ।

कार्यक्रम स्ववियु अध्यक्ष घर्तीको अध्यक्षता, उपाध्यक्ष सन्तोष सुनारको स्वागत, सचिव सुशिल बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# त्रिवि क्रिकेट मैदानलाई विकास गरिने



**काठमाडौं, वैशाख १९**/सरकारले त्रिभुवन विश्वविद्यालय (त्रिवि) क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको रङ्गशालाका रूपमा विकास गर्ने घोषणा गरेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को संयुक्त बैठकमा सरकारको तर्फबाट आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै यस्तो जानकारी गराएका हुन् । राष्ट्रपतिले रङ्गशालालगायतका खेलकुद पूर्वाधार निर्माणमा तीन तहका सरकार र निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्न कानूनी व्यवस्था मिलाइने बताए । खेलकुदलाई निजी क्षेत्रका संस्थागत, सामाजिक र उत्तरदायित्वसँग जोडिने उनको भनाइ छ । यस्तै अन्तर्राष्ट्रिय पदक पाउने खेलाडी र उनीहरूका सन्ततीहरूलाई अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था मिलाइने नीति तथा कार्यक्रममा उल्लेख छ । यस किसिमको कार्यक्रम लागू भए नेपाली खेलाडीलाई खेलक्षेत्रमा लागिरहन थप प्रोत्साहन भने मिल्ने आशा गर्न सकिन्छ । पछिल्ला समय नेपाली खेलाडीहरू दिनानुदिन विदेश पलायन हुँदा खेलक्षेत्र ठूलो चिन्तामा रहेको बेला यसले केही आशा जगाएको छ । तर पनि सरकारले नीति तथा कार्यक्रममा ग्रासरुटदेखि नै खेल विकास गर्ने कार्यक्रम भने ल्याउन सकेको छैन् । वर्तमान बजेट अपर्याप्त रहेको र नेपाली खेलकुदको दिगो विकासका लागि केही नयाँ नीतिगत परिवर्तन आवश्यक छ । सरकारले शुक्रवार प्रश्तुत गरेको नीति तथा कार्यक्रममा खेलकुद विकासका योजना तथा आधार तय हुनुपर्दथ्यो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

# राष्ट्रपतिद्वारा नीति तथा...

...देशभित्रै उद्यमशीलता विकास गरी युवा रोजगारी सिर्जना गरिनेछ । आगामी दशलाई आन्तरिक रोजगारी दशकको रूपमा मनाइनेछ ।" राष्ट्रपति पौडेलले समस्याग्रस्त सहकारी संस्थाका साना वचतकर्ताहरुको वचत फिर्ता गर्न सहकारी नियमन प्राधिकरणमार्फत राहत कोष स्थापना गरिने बताए । सहकारी क्षेत्रका आधारभुत समस्याहरु समाधान गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणमार्फत आवश्यक कदम चालिने उनको भनाई छ । उनले सहकारी ऋण सूचना, वचत सुरक्षा र ऋण असुलीका लागि न्यायाधीकरण थप स्थापना गर्ने बताए ।

सहकारी तथ्यांक व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन विद्युतिय सूचना प्रणालीको मापदण्ड तय गरिने र सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नति गरिने नीति पनि समावेश गरिएको उनको भनाइ छ । राष्ट्रपति पौडेलले आर्थिक गतिशिलता बढाउन, भ्रष्टाचार नियन्त्रण गर्न र दण्डहिनता अन्त्य गर्न सरकार प्रतिवद्ध रहेको पनि बताए छ । सरकार गठनका समयमा भएको संयुक्त सरकारको न्युनतम साझा प्रतिवद्धता र प्राथमिकतालाई केन्द्रमा राखि साझा संकल्पका साथ सुशासन, प्रवर्द्धन गर्न र तिब्र आर्थिक विकास हाँसिल गर्न कटिवद्ध रहेको उनको भनाई छ । नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा वैशाख २२ गतेदेखि छलफल सुरु हुने भएको छ । बैठकमा सभामुख देवराज घिमिरेले सरकारको नीति कार्यक्रममाथि वैशाख २२ गतदेखि २८ गतेसम्म छलफल गर्ने कार्यसूची तय भएको जानकारी दिए । सभामुख घिमिरेका अनुसार २८ गते नै प्रधानमन्त्रीले नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरूको जवाफ दिनेछन् । त्यस्तै, नीति तथा कार्यक्रममाथि संशोधनका लागि वैशाख २० र २१ गते कार्य व्यवस्था शाखामा संशोधनको सूचना दिन सकिने उनले जानकारी दिए ।

यस्तै पूर्व अर्थमन्त्रीहरुले राष्ट्रपतिले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा परम्परागत रहेको बताएका छन् । पूर्वअर्थमन्त्री वर्षमान पुनले सरकारले नीति तथा कार्यक्रममा निरास, परम्परागत र गन्तव्यहीन रहेको बताएका छन् । आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको नीति तथा कार्यक्रममाथि प्रतिक्रिया जनाउँदै नेता पुनले विगतमा नीति स्पष्ट गर्ने गरिए पनि यसपटक नीति तथा कार्यक्रम गन्तव्यविहीन, निरास र परम्परागत देखिएको बताए । पूर्वप्रधानमन्त्री डा अर्थमन्त्री डा. बाबुराम भट्टराईले सरकारले नीति तथा कार्यक्रममा गुणात्मक परिवर्तनको मौका गुमाएको बताएका छन् । "गुणात्मक महत्वको परिवर्तनका कुराहरू आउँछन् कि भन्ने मेरो अपेक्षा थियो । तर, मैले त्यस्तो पाइनँ," उनले भनेका छन् ।


## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८२/०१/१८*

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०१/१८ गतेको निर्णय अनुसार विद्यालयको लागि निम्न शिक्षक र कर्मचारी नियुक्त गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

**१) विज्ञापन नं. :** १/०८२
**पद :** शिक्षक, **संख्या :** ३ (तिन)
**विषय :** विज्ञान
**शैक्षिक योग्यता :** विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण वा सो सरह
**तहः** आधारभूत

**२) विज्ञापन नं. :** २/०८२
**पद :** स्वयमसेवक शिक्षक, **पद संख्या :** १+१ (दुई)
**शैक्षिक योग्यता :** १ जनाको लागि विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण र अर्को एक जनाको लागि अंग्रेजी विषयमा कक्षा १२ उत्तीर्ण वा सो सरह
**तहः** आधारभूत

**३) विज्ञापन नं. :** ३/०८२
**पद :** कार्यालय सहयोगी, **पद संख्या :** १ (एक)
**शैक्षिक योग्यता :** एस.ई.ई. उत्तीर्ण, **तह :** श्रेणी विहिन
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल :** विद्यालयले तोके बमोजिम
**निवेदन दस्तुर :** रु. ५००/-
**दरखास्त दिने अन्तिम मिति :** २०८२/०१/२४ गते
**सम्पर्क मिति :** २०८२/०१/२४ गते ४ बजे पछि
**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम :** विज्ञान विषय र स्वयमसेवक शिक्षकको लागि कक्षा अवलोकन र अन्तर्वार्ता र कार्यालय सहयोगिको हकमा अन्तर्वार्ता ।
**आवश्यक कागजातहरू :** व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
**सम्पर्क नं. :** ९८५७०६०६५१

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
तानसेन-२, पाल्पा


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई